इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
Inaruwa Municipality
## Office of Municipal Executive
Inaruwa, Sunsari

फोन नं. ५६०१३७, ५६०१४२, ५६०१२८, ५६०८७७, ५६००७७, ५६०००६
बारुण यन्त्र: ५६०१०१

प.सं. : ०७३।०७४
च.नं. :

मिति : २०७४। १ ।१९

***विषय : ठेक्काको शिलबन्दी बोलपत्र आब्हानको ३० दिने सुचना ।***
***(पहिलो पटक प्रकाशित मिति : २०७४।१।१९ गते)***

यस इनरुवा नगरपालिका क्षेत्र भित्रका सोमवारे मवेशी हाट, सोमवारे विहिवारे तथा दैनिक लाग्ने गुद्री हाट र कृषि बजार, ऐन नियमानुसार उठाउन पाउने (राष्ट्रिय राजमार्ग र सहायक राजमार्ग देखि बाहेक) पटके सवारी कर (न.पा. बाट संचालित टेम्पो स्टेण्ड भित्र आउने टेम्पोको स्टेण्ड शुल्क समेत) इनरुवा ६ स्थित सार्वजानिक शौचालय, तथा पार्किङ. शुल्क (इनरुवा नगरक्षेत्र भित्रको मालपोत कार्यालय परिसर, बस चौक राष्ट्रिय राजमार्ग बाहेक पार्किङ. गर्ने उदेश्यले राखिएका सवारी साधनहरु) आ.ब.०७४।०७५ को लागी मिति २०७४।४।१ गते देखि २०७५ आषाढ मसान्त सम्म बर्ष १ (एक) का लागि ठेक्का बन्दोबस्त गरी ठेक्काबाट उठाउने न.पा. को मिति २०७४।१।१५ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म/ब्यक्तिहरुले ठेक्का लिन चाहेमा तपशिलको शर्त बन्देजमा रहि गोप्य शिलबन्दी बोलपत्र इनरुवा नगरपालिका कार्यालय, इनरुवा, सुनसरीमा दाखिला गर्न हुन सर्वसाधारण सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***शर्तहरु***

१. न्यूनतम ठेक्का अंक :-
   क. हाटवट्टि कर रु.६३११९९५।०० (अक्षरेपी रु.त्रिसठी लाख एघार हजार नौ सय पन्चानव्वे मात्र)
   ख. मवेशी कर रु.२३५५५५५।००(अक्षरेपी रु.तेईस लाख पचपन्न हजार पाँच सय पचपन्न मात्र)
   ग. पटके सवारी कर रु.१८५१००१।००(अक्षरेपी रु.अठार लाख एकाउन्न हजार रुपया एक मात्र)
   घ.पार्किङ. शुल्क रु. १००१११।००(अक्षरेपी रु. एक लाख एक सय एघार मात्र )
   ङ.सार्वजानिक शौचलय शुल्क रु. ६६५००।०० (अक्षरेपी रु छैसठी हजार पाँच सय मात्र)

२. न.पा. बाट प्रकाशित सूचना अनुसारका ठेक्काहरुको छुट्टा छुट्टै बोलपत्र फारम निम्न दस्तुर फिर्ता नहुने गरी बुझाई न.पा. को राजश्व शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
   क. हाटवट्टि कर रु. १०००।०० (एक हजार मात्र)
   ख. मवेशी कर रु. १०००।०० (एक हजार मात्र)
   ग. पटके सवारी कर रु. ३००।०० (तिन सय मात्र)
   घ.पार्किङ. शुल्क रु. ३००।०० (तिन सय मात्र)
   ङ.सार्वजानिक शौचलयरु. ३००।०० (तिन सय मात्र)

३. बोलपत्र खरिद, दाखिला तथा खोलिने मिति :
   क. बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७४।२।१७ गते कार्यालय समय सम्म
   ख. बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०७४।२।१८ गते दिनको १२:०० बजे सम्म
   ग. बोलपत्र खोलिने मिति : २०७४।२।१८ गते दिनको ३:०० बजे

४. बोलपत्र साथ नगद रु. २०।-निवेदन दस्तुर र नेपाली नागरिकता प्रमाण पत्रको नक्कल पेश गर्नु पर्ने छ ।

५. न.पा. ले बनाएका टहरा र भवनका कोठा भाडामा लिई ब्यवसाय गर्ने ब्यापारीहरु संग ठेकेदारले कुनै प्रकारको कर/दस्तुर (हाटवट्टी कर) उठाउन पाउने छैन ।

६. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ (पांच) प्रतिशत र विदेशी नागरिक भए १० ( दश) प्रतिशत धरौटी रकम इनरुवा नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक इनरुवाको धरौटी खाता नं ग-३-२२२०३०३००३००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर तथा नगद बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

७. बोलपत्र माथि उल्लेखित मितिमा बोलपत्र दाता वा निजको प्रतिनिधि र विभिन्न कार्यालयको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. ठेक्का स्वीकृत भएको जानकारी पाएको ७(सात) दिन भित्र सम्झौताका लागि पहिलो व्यक्ति लाई वोलाईने छ । पहिलो व्यक्ति नआएमा सो को धरौटी जफत गरि दोश्रो वढि अंकवाला लाई सम्झौताका लागी वोलाईने छ । दोश्रो वढि अंकवाला व्यक्ति समेत नआएमा सो को धरौटी रकम जफत गरि तेश्रो वढि अंक वाला व्यक्तिलाई वोलाईने छ । तेश्रो वढि अंकवाला व्यक्ति समेत नआएमा सो को धरौटी रकम जफत गरि ठेक्का सम्वन्धि अर्को व्यवस्था न.पा.ले आफै गर्ने छ ।

९. सकार गरेको ठेक्का कवोल अंक सम्झौता गर्नु अगावै एकमुष्ठ रकम ०७४ आषाढ मसान्त भित्र इनरुवा न.पा. को रा.बा.बैंक खाता नं. २२२०३०४०१८१०२ मा बुझाई सक्कल भौचर निवेदन साथ अनिवार्य पेश गर्नुपर्नेछ । यसरी अग्रीम दाखिला गर्दा कवोल अंकमा १०% छुट हुने छ ।

१०. ठेक्का लिए वापत नेपाल सरकार लाई कुनै कर दस्तुर, महसुल बुझाउनु पर्ने भएमा ठेकेदार आफैले स्वयम बुझाउनु पर्ने छ । साथै प्रत्येक वर्षको वैशाख महिनामा इनरुवा नगर क्षेत्र भित्र लाग्ने स्थानिय मेलाहरुमा ठेकदार स्वयम आफैले स्थानिय मेला समिती सँग समन्यवय गरि आवश्यक कर उठाउने तथा अन्य कुराहरु सम्बन्धि व्यवस्थापन आफैले गर्नु पर्नेछ ।

११. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

१२. न.पा. ले तोकेको दररेट अनुसार कर उठाउनु पर्ने छ । नगरपालिकाले तोकि दिएको दररेट भन्दा बढी दररेट ठेकेदारले उठाएको पाईएमा वा ठहर भएमा ठेकेदार बाट न.पा. ले निर्णय अनुसारको हर्जाना समेत असुल उपर गर्नेछ ।

१३. ठेक्का अवधि भर ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुऱ्याएमा सोको हर्जाना समेत ठेकेदारबाट असुल गरिने छ ।

१४. बोलपत्र खरिद गर्ने ब्यक्ति/फर्मले आफ्नै नाममा बोलपत्र दर्ता गर्नुपर्नेछ । खरिद गर्ने ब्यक्ति वा फर्मको बोलपत्र दर्ता नभई अर्काको नाममा दर्ता भएमा त्यस्ता बोलपत्र स्वतः रद्द हुनेछ ।

१५. कर असुल गर्दा प्रयोग गरिने रसिद, कर्मचारी र अन्य सामान समेतको ब्यवस्था ठेकेदार आफैले गर्नु पर्ने छ । तर कर असुल गर्ने रसिद न.पा. मा रेकर्ड गराई न.पा. बाट प्रमाणीत गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ ।

१६. कुनै पनि चिठी, तार, टेलिफोन र फ्याक्सबाट आएको बोलपत्र लाई मान्यता दिईने छैन ।

१७. ठेक्का सम्बन्धमा कुनै किसिमको वादविवाद परेमा नगरपालिका को निर्णय अन्तिम हुनेछ ।

१८. घटी वा बढीको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस न.पा. मा सुरक्षित रहने छ ।

१९. उपरोक्त बाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम अनुसार हुने छ ।

२०. ठेक्का सम्बन्धि दररेट तथा अन्य कुनै कुरा बुझ्नु परेमा इनरुवा नगरपालिका कार्यालयको राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।